वार्षिक प्रगति प्रतिवेदन

आ.ब. २०७५-०७६



प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु ।

वार्षिक प्रतिवेदन

आ.व. २०७५/७६

डिभीजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

प्रमुख सल्लाहकार

दुर्गा बहादुर कार्कि

डिभिजनल वन अधिकृत

तयार गर्ने :

स.ब.अ. श्री शिवशंकर प्रसाद

स.ब.अ. श्री गणेश कुमार थारु

स.ब.अ. श्री कल्याण सापकोटा

स.ब.अ. श्री संजय कुमार मिश्र

फोटोहरू :

डि.ब.अ.श्री दुर्गा बहादुर कार्कि

स.ब.अ.गणेश कुमार थारु

स.ब.अ. श्री कल्याण सापकोटा

रेन्जर श्री गणेश पुरी

सम्पर्क ठेगानाः

डिभिजन वन कार्यालय, कपिलवस्तु (गौ.बु)

चन्द्रौटा, कपिलवस्तु ।

फोन नं: ०७६-५४०१९४

email: dfogautambuddha@gmail.com

भाग-१
परिचय

१.१ डिभिजन वन कार्यालयको संक्षिप्त जानकारी :

वन तथा वातावरण मन्त्रालयको पुनर्संरचना भईसकेपछि प्रदेश नं.५ अर्न्तगत तराईमा पर्ने कपिलवस्तु जिल्लामा २ वटा डिभिजन वन कार्यालयहरु स्थापना भए । यस डिभिजनको पूर्वमा कपिलवस्तु जिल्लाको गुड्रुड्ड खोला, पश्चिममा दाङ जिल्ला र भारतको उत्तर प्रदेशको बलरामपुर जिल्ला, उत्तरमा अर्घाखांची र दक्षिणमा भारतको उत्तर प्रदेशको सिद्धार्थ नगर जिल्ला पर्दछ । यस डिभिजनको पूर्व पश्चिम सरदर लम्बाई ४० कि.मी र उत्तर दक्षिण चौडाई ३२ कि.मी रहेको छ । त्यसैगरी उत्तरी सिमाना चुरे रहेता पनि आर्घाखांची जिल्लाको सिमानाले चुरेको फेदी सम्म नै ओगटेको हुदा यस डिभिजन अर्न्तगतको अधिकांस क्षेत्र समथर रहेको छ ।

कपिलवस्तु जिल्लामा हाल २ वटा डिभिजन वन कार्यालयहरु स्थापना गरिएको भएतापनि यस जिल्लाको समग्र ऐतिहासिक पृष्ठभुमी, सामाजिक तथा आर्थिक अवस्थाहरु, जातजाती विवरण, धर्म, भाषा संस्कृति, जियोलोजी तथा भु वनावट, जलवायु तथा वर्षा तथा भु उपयोगको स्थिति यहा प्रस्तुत गरिएको छ ।

१.२ पृष्ठभूमी :

राजा शुद्धोधनको राज्यको रुपमा परिचित प्राचिन कपिलवस्तु जिल्ला प्रदेश नं.५ तराई जिल्ला मध्ये एक हो । यस जिल्लाको पूर्वमा रुपन्देही जिल्ला, पश्चिममा दाङ जिल्ला र भारतको उत्तर प्रदेशको बलरामपुर जिल्ला, उत्तरमा अर्घाखांची र दक्षिणमा भारतको उत्तर प्रदेशको सिदार्थ नगर जिल्ला पर्दछ । केन्द्रिय तथ्यांक विभाग १९९८ अनुसार कुल १,७३,८०० हेक्टर अर्थात १७३८ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । कपिलवस्तु जिल्ला २७°२५'देखि २७° ८४' उत्तरी अक्षांश र ८२°७५' देखि ८३° १४' पूर्वी देशान्तरमा पर्दछ । यस जिल्लाको वर्तमान सदरमुकाम तौलिहवा तौलेश्वर महादेवको मन्दिरको नाम बाट राखिएको थियो । यस बाहेक जिल्लाको दक्षिण पश्चिममा अवस्थित कृष्ण नगर नाका उक्त भेग तर्फको भारत संग बजार सम्पर्कको प्रमुख नाका पनि हो । पुर्व पश्चिम राजमार्ग (लोकमार्ग) को निर्माण पश्चात यस जिल्लाको उत्तरी भेगमा पहाड बाट बसाइ सरि बसोबास गर्ने क्रममा राजमार्गका चौकहरुमा बजारहरुको विस्तार भएको छ । चन्दौटा, गोरुसिंगे, ४ नं. जितपुर हालका चर्चित बजारहरु हुन ।

१.३ सामाजिक तथा आर्थिक अवस्था

१.३.१ जनसंख्याः

यस जिल्लामा (जनगणना २०६८ अनुसार) पुरुष २,८५,५९९ (४९.९३%) र महिला २,८६,३३७ (५०.०७%) गरी जम्मा ५,७१,९३६ जनसंख्या रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर १.०२% रहेको छ । यस जिल्लाको जनसंख्यालाई उमेरको आधारमा विश्लेषण गर्दा ०-१४ वर्ष उमेर समुहमा २१८७७४ (३८.२५%) रहेको छ भने ६५ वर्ष भन्दा माथिका उमेर समूहका जनसंख्या १५९२० (२.७८%) रहेको छ । उत्पादनशिल उमेर समुह १५ देखि ६४ वर्ष उमेर समुहको जनसंख्या ३३७२४२ (५९%) रहेको छ । औसत घरपरिवारको आकार ६.२६ रहेको यस जिल्लामा जम्मा ९१३२१ परिवार बसोवास गर्दछन ।

१.३.२ कपिलवस्तु जिल्लाको प्रमुख जातजातिको विवरण

यस जिल्लामा बसोवास गर्ने प्रमुख जातजाति तथा सो को जनसंख्याको प्रतिशत यस प्रकार रहेको छ ।

तालिका १ कपिलवस्तु जिल्लामा रहेका विद्यमान जातजतीहरुको विवरण

क.स.	जातिय समुह	(प्रतिशत)
१	ब्राह्मण, क्षेत्री, ठकुरी, राजपुत	१६
२	गुरुंग, मगर, राई, लिम्बु, लामा	३
३	सार्की, कामि, दमाई	३
४	वैश्य, (कुर्मी, यादव, अहिर, धनिया, गुप्ता, तेली, केवट, नाउ, भुज, लोहार, सुनार, विश्वकर्मा, कोहार, चौरसिया, कलवार, लोध, चाई, मुराउ, गडरिया, जैसवाल, पटहर, बढई, भर, हलवाई, तमोली, वर्मा, श्रीवास्तव, कायस्थ, सल्लाह, माझी आदि)	२६
५	थारु	१३
६	मुसलमान	१४
७	तराईका दलित जातहरु, चमार, पासी, कोरी, ढाडी, खटिक, हरिजन, हेला, धोवी आदि)	१२
८	अन्य	३

स्रोत: आ.व २०७४/०७५ को वार्षिक प्रतिवेदन, सावित्रिक जिल्ला वन कार्यालय, कपिलवस्तु ।

१.३.३ कपिलवस्तु जिल्लाको धर्म संस्कृति विवरण

यस जिल्लामा विभिन्न धार्मिक संस्कृति मान्ने वासिन्दाहरुको बसोवास रहेको भएतापनि विशेष गरी हिन्दु र मुस्लिम धर्मावलम्बीको बाहुल्यता रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार हिन्दु धर्म मान्ने जनसंख्या करिब ० प्रतिशत तथा ईस्लाम धर्म मान्ने जनसंख्या करिब १८ प्रतिशत रहेको छ । बाकि जनसंख्या बौद्ध, क्रिश्चियन, प्रकृति, बोन, किरात, शिख, बहरी लगाएत छन् ।

१.३.४ बसाई सराईको अवस्था

यस जिल्लाको बसाई-सराईको अवस्था हेर्दा २०१८ सालमा यहाँ औलो उन्मूलन हुँदा छिमेकी पहाडी जिल्लाहरु सल्यान, प्युठान, रोल्पा, अर्घाखाँचीबाट पहाडे मूलका मानिसहरु यहाँ प्रशस्त बसाई-सराई गरी आएको पाइन्छ भने

२०३०-२०३५ साल तिर यहाँबाट आफ्नो भू-स्वामित्व गुमाएका यहाँका आदिवासी थारुहरु खेतीपाती गर्ने जग्गाको खोजीमा बुढान (नयाँमुलुक) तिर प्रशस्त बसाई-सराई गरेको पाईन्छ । त्यस्तै यो जिल्ला राष्ट्रिय राजमार्ग (महेन्द्र राजमार्ग) संग जोडिए पछि र जिल्लामा यातायात, सञ्चार क्षेत्रको विकास भएपछि व्यापार व्यवसायको लागि जिल्ला बाहिर र छिमेकी राष्ट्र भारतबाट समेत मानिसहरु यहाँ बसाई-सराई गरेको देखिन्छ । देशमा माओवादी जनयुद्ध शुरु भएपछि जनधन सुरक्षाको लागि रोल्पा र रुकुम जिल्लाबाट बढी मानिसहरु यहाँ बसाई-सराई गरी नाका क्षेत्रहरुमा अवैध रुपले बसोबास गरेको देखिन्छ । यसरी बसाई-सराईको क्रम हेर्दा यस जिल्लामा हाल जिल्ला भित्र भन्दा बाहिरी जिल्लाबाट यहाँ बसाई-सराई गरी आउने मानिसहरुको चाप बढी रहेको छ ।

१.३.५ पुरातात्विक तथा महत्वपुर्ण पर्यटकीय क्षेत्रहरू

यस डिभिजन अन्तर्गतको क्षेत्रमा धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा शिवगढी मन्दिर क्षेत्र, समयमाई, ताम्रेश्वर महादेव लगाएत पर्दछन् । त्यसैगरी आन्तरिक पर्यटनको रुपमा एकिकृत सुरहि क्षेत्र, रामलक्ष्मण ताल, बृजा ताल, पुरैना सिमसार क्षेत्र लगाएत पर्दछन् । यसका अलावा यहा बसोबास गर्ने बौद्ध, इस्लाम तथा क्रिश्चियन धर्मावलम्बीहरुले आ-आफ्ना धर्म प्रतिको आस्थाका केन्द्रहरु गुम्बा, मस्जिद तथा चर्च निर्माण हुन थालेका पाइएको छ । यहाँका प्रमुख धार्मिक स्थलहरुमध्ये निम्न स्थानहरु प्रमुख मानिन्छन् ।

१.४ जियोलोजी, माटो तथा भू-बनोट

यस जिल्लाको उत्तरी क्षेत्र (चुरे क्षेत्र) विभिन्न किसिमका Sand tone/Lime Stone बाट बनेका छन् भने समथर भू भागमा Silty तथा Loamy / Sandy loam रहेको पाईन्छ । जिल्लाको दक्षिणी क्षेत्रमा नदीले उत्तरतर्फबाट बगाई ल्याएको मलिलो पांगो माटो पाईन्छ । मध्ये भागमा बालुवा, ढुंगा र ग्रेगरबाट बनेको बलौटे माटो पाईन्छ भने उत्तरतर्फ फुस्रो माटो अधिक पाईन्छ । खेतिपातीका दृष्टिले यो माटो कमजोर मानिन्छ । चुरे तथा भित्री मधेशको माटो प्राय: ढुंगे गिर्खे तथा बलौटे, दोमट छ । महाभारत क्षेत्र मेटामर्फिक चट्टानबाट बनेको छ । महाभारत श्रृखलाको माटो मेटामर्फिक चट्टानबाट बनेको छ । मूख्य चट्टानहरु हरिया र काला सिलिकन सहितका छन् । माटोको केही तह क्वार्जहरुबाट समेत निर्मित छ । सिवालिक क्षेत्रको माटोको बनावट खैरो र बालुवा समेतको रहेको छ । चिम्टाइलो माटो तराई क्षेत्रमा पाइन्छ ।

१.५ Metrology संबन्धि विवरण

समुद्र सतहबाट ९३ मीटर देखि १४२१ मीटर उचाई सम्म रहेको यो जिल्लाको हावापानीमा विविधता रहेको छ । यस जिल्लाको अधिकांश भू भाग समथर तराई क्षेत्र भएको हुंदा यहांको जलवायु उष्ण (Tropical Climate रहेको छ । यस जिल्लामा वार्षिक सरदर १२८५ मि.मी.वर्षा हुन्छ । अषाढ महिना देखि आश्विन महिना सम्म वर्षा हुने यस जिल्लाको औषत अधिकतम तापक्रम ४२ डि.सेल्सियस रहेको छ भने औसत न्यूनतम तापक्रम ६.४ डि.सेल्सीयस सम्म झर्दछ । यहां वैशाख–जेष्ठ महिनामा प्रचण्ड गर्मि रहन्छ भने पौष– माघमा महिना जाडोको समय हो । जाडोको मौसममा शित लहरले गर्दा निकै जाडो हुने गर्दछ र न्यनतम तापक्रम ३ डि.सेल्सियस भन्दा पनि तल झर्ने गरेको छ ।

१.६ प्रमुख नदी, खोलानाला, तालतलैया र सिमसार क्षेत्रहरु)

यस डिभिजन अन्तर्गतको क्षेत्रमा बेल, बेलवा, सुराई, चिरइंए, अगिया, जमुवार, कोइली, झिरिया लगाएतका खोलाहरु पर्दछन् । यि सबै खोलाहरुको मुहान चुरे पर्वत रहेको छ । त्यसैगरी यस क्षेत्रमा रहेका केही सिमसार तथा तालतलैयाहरुमा रामलक्ष्मण ताल, पुरैना ताल, बृजा ताल, बरगडुडी ताल लगाएत रहेका छन् । यसका अलावा यस जिल्लामा साना साना धेरै पोखरीहरु निजी तथा सार्वजनिक क्षेत्रमा रहेका छन् ।

१.७ भौतिक पूर्वाधार, यातायात तथा संचार

यस जिल्लाको सदरमुकाम तौलिहवाबाट भैरहवा, बुटवल, पोखरा र काठमाण्डौ सम्म सिधा सार्वजनिक यातायात सुविधा रहेको छ भने कृष्णनगरबाट काठमाण्डौ, भैरहवा, बुटवल, पोखरा लगाएत पश्चिमको दाङ, नेपालगंज, पूर्वमा विराटनगर, काकडभिट्टा सम्म सिधा सार्वजनिक बससेवा संचालनमा रहेकोछ । जिल्लामा भौतिक पूर्वाधारको विकास सूचकको रुपमा लिइने सडकको सन्दर्भमा पुर्व पश्चिम लोकमार्ग (बुटवल – कोहलपुर खण्ड), भैरहवा–लुम्बिनी–तौलिहवा सडक, तौलिहवा– ४ नं. जितपुर सडक, कृष्ण नगर– चन्द्रौता सडक, तौलिहवा– खुनुवा सडक र गोरुसिंगे – अर्धाखाची सडकहरु यस जिल्लाको प्रमुख सडकहरु हुन । यसको अतिरिक्त तौलिहवा–बहादुरगंज र तौलिहवा–गोरुसिंगे र पश्चिम तिरको कृष्णनगरबाट शिवगढी जाने आर.टि.ओ.रोड (ग्राभेल) पनि यस जिल्लाका महत्वपूर्ण सडकहरु हुन् । यस जिल्लाको सबै गाउपालिका तथा नगरपालिकामा मोवाइल तथा टेलिफोनबाट संचार सेवा साथै विद्युत सेवा पुगेको छ ।

१.८ भू-उपयोग

यस जिल्लाको भु उपयोगको स्थिती तल उल्लेखित तालिका अनुसार रहेको छ ।

तालिका ५: जिल्लाको भू उपयोगको स्थिती

क्र.स.	विवरण	क्षेत्रफल (हेक्टरमा)	प्रतिशत
१	कृषि एवंम आवादी क्षेत्र	९२,२६८	६०.२३
२	खुद वन क्षेत्र	५६९१५	३७.१५
३	घासे मैदान झाडी वुट्यान	८३३	०.५४
४	नदी, ताल, तलैया	३८०	०.२५
५	बालुवा, गंग्रान र ढुंग्यान क्षेत्र	२६३१	१.७२
६	वस्ति क्षेत्र, निर्माण क्षेत्र	१६७	०.११
कुल जम्मा		१,५३१९.४	१००

नया डिभिजनको रुपमा कायम भएपछि यस डिभिजन अर्न्तगत पूर्वमा कपिलवस्तु जिल्लाको गुइरुवा खोलादेखी पश्चिममा दाङ जिल्लासम्म सिमाना कायम भएको र ६ वटा सब डिभिजनहरु स्थापना गरिएको छ । हाल यस डिभिजन अर्न्तगत तपसिल अनुसारको वनक्षेत्र रहेको देखिन्छ ।

- वनक्षेत्र : ३८२७९.५७ हे.
- झाडी वुट्यान क्षेत्र: १२६०.६० हे.



(Source: Terai Forest of Nepal 2017, Churia Forest of Nepal, 2016, DFRS)

१.९ स्वीकृत वन संगठन:

वन तथा वातावरण मन्त्रालयको पुनर्संरचना भईसकेपछि प्रदेश नं.५ अन्तर्गत कपिलवस्तु जिल्लामा २ वटा डिभिजन वन कार्यालयहरु स्थापना भए । यस गौतमबुद्ध डिभिजन अन्तर्गत ६ वटा सब डिभिजन कायम गरिएको छ ।

प्रदेश सरकार
५ न प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध) को संगठन संरचना



डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

डिभिजन वन कार्यालयको सांगठनिक संरचना अनुसारको पदपुर्ति विवरण यस प्रकार रहेको छ।

सि न	पद	श्रेणी, तह	सेवा, समुह	स्वीकृत दरबन्दी	पदपुर्ती संख्या	रिक्त संख्या	फाजिल दरबन्दि	कैफियत
१	डिभिजनल वन अधिकृत	रा.प. द्वि प्रार्विधिक / दशौ तह	वन, ज.फ.	१	१	०	०	
२	सहायक वन अधिकृत	रा.प. तृ.प्रार्विधिक / सातौ र आठौ तह	वन, ज.फ.	१०	१०	०	०	
३	शाखा अधिकृत	रा.प. तृ. प्रशासन / सातौ र आठौ तह	सा.प्र.	१	०	१	०	
४	लेखा अधिकृत	रा.प. तृ. प्रशासन / सातौ र आठौ तह	लेखा	१	१	०	०	
५	रेञ्जर	रा.प. अन. प्रथम प्रार्विधिक / पाचौ र छैठौ तह	वन, ज.फ.	८	४	४	०	
६	नायव सुव्वा	रा.प अन प्रथम / पाचौ र छैठौ तह	सा.प्र.	१	१	०	०	
७	लेखापाल	रा.प. अन.प्रथम / पाचौ र छैठौ तह	लेखा	१	१	०	०	
८	खरिदार	रा.प. अन.द्वितिय / चौथो र पाचौ तह	सा.प्र.	१	१	०	०	
९	फरेष्टर	रा.प. अन.द्वितिय प्रार्विधिक	वन, ज.फ.	२	८	०	६	
१०	वन रक्षक	श्रेणी विहिन	वन, ज.फ.	३७	२५	१२	०	
११	कार्यालय सहयोगी	श्रेणी विहिन	सा.प्र.	३	३	०	०	
१२	हलुका सवारी चालक	श्रेणी विहिन		२	१	१	०	करारमा नियुक्ति
१३	सुवेदार	रा.प. अन.द्वितिय		१	०	१	०	
१४	जमदार	रा.प. अन.द्वितिय		२	४	०	२	
१५	हवल्दार	रा.प. अन.तृतिय		४	०	४	०	
१६	सशस्त्र वन रक्षक	श्रेणी विहिन		१६	१६	०	०	करारमा नियुक्ति
१७	चौकीदार	श्रेणी विहिन		१	१	०	०	करारमा नियुक्ति
१८	अपरेटर	रा.प. अन.द्वितिय प्रार्विधिक		१	०	१	०	
१९	हेल्पर	श्रेणी विहिन		१	१	०	०	करारमा नियुक्ति
	जम्मा			९४	७९	१५	८	

सब डिभिजन वन कार्यालय र यसले समेट्ने क्षेत्रहरु:

यस डिभिजन वन कार्यालय अर्न्तगत ६ वटा सब डिभिजन वन कार्यालयहरु रहेको र उक्त सब डिभिजन ले समेटने क्षेत्रहरु तपसिल बमोजिम रहेको छ।

सि.नं.	सब डिभिजनको नाम	समेटने स्थानीय तहको नाम	वार्ड नं. हरु
१.	चम्पापुर	महाराजगंज न.पा.	११
		बुद्धभुमी न.पा.	३, ७, ८, ९ (ठुली लेकदेखी पुर्व)
२.	गुगौली	विजयनगर गा.पा.	१, ६
३.	खरेन्द्रपुर	महाराजगंज न.पा.	१, २, ३, ४, ५, ६, ७, ८, ९, १०
		शिवराज न.पा.	३, ४, १०, ११
		बुद्धभुमी न.पा.	९ (ठुली लेकदेखी पश्चिम)
४.	शिवगढी	कृष्णनगर न.पा.	१, १०, ११
		विजयनगर गा.पा.	२, ३, ४
		शिवराज न.पा.	९
५.	शिवपुर	शिवराज न.पा.	१, २, ५, ६, ७, ८, ९
		कृष्णनगर न.पा.	५, ६, ७, ८, ९
६.	ठकुरापुर	कृष्णनगर न.पा.	२, ३, ४, १२
		विजयनगर गा.पा.	५, ७

भाग-२

डिभिजनस्तरमा संचालित कृयाकलापहरुको विवरण

२.१ स्वीकृत कार्यक्रमको विवरण:

यस डिभिजन वन कार्यालयबाट चालु आ.व:२०७५/०७६ मा संचालन गर्नेगरी तपसिल बमोजिमको शिर्षकमा तपसिल बमोजिमको बजेट बिनियोजन भई आएको थियो ।

सि. नं.	बजेट शिर्षक नं.	कार्यक्रमको नाम	स्वीकृत बजेट (रु.हजारमा)	कैफियत
१.		उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५	२२७३०	
२.		संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम	४११९२	
३.		राष्ट्रपति चुरे संरक्षण कार्यक्रम तर्फ	१०००.	

उपरोक्त बजेट शिर्षक अर्न्तगत स्वीकृत कृयाकलापहरुमध्ये सञ्चालित मुख्य मुख्य कृयाकलापहरु यहाँ उल्लेख गरिएको छ ।

२.२ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तर्फको:

यस कार्यक्रम अर्न्तगत विविध कृयाकलाप संचालन गर्नका लागि पुँजीगत शिर्षक तर्फ १८ वटा कृयाकलाप तथा चालु तर्फ १८ वटा कृयाकलाप संचालन गर्नको लागि बजेट बिनियोजन भई आएको थियो । जस अर्न्तगत संचालित मुख्य मुख्य कृयाकलापहरुको विवरणहरु यस प्रकार रहेका छन् ।

२.२.१ एक गाँउ एक पोखरी निर्माण अभियान संचालन

यस कार्यक्रम अर्न्तगत तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको पोखरीको निर्माण, मर्मत संभार तथा स्तरोन्नती गरिएको थियो ।

सि. नं.	पोखरीको नाम, ठेगाना	औसत क्षेत्रफल (हे.)	संचालित कार्य	कार्य संचालन गर्ने संस्था
१.	सतभरा पोखरी, महाराजगंज न.पा. ७	१.०४	पोखरीमा थिग्रिएको माटो स्क्याभेटर तथा डोलुको माध्यमबाट निकाली पोखरीको ३ मिटर डिल निर्माण	उपरोक्त पोखरी निर्माण, मर्मत तथा स्तरोन्नतिका लागि गठित उपभोक्ता समितिबाट कार्यसम्पन्न भएको
२.	रामजानकी पोखरी, महाराजगंज न.पा.१	०.७५	पोखरीको जलकुम्भी सरसफाई, पूर्व तथा उत्तर सिमानामा झाडी तथा फोहोर सरसफाई गरी पोखरीको जगबाट ईट्टाको पर्खाल निर्माण तथा पोखरीमा क्षेत्र विस्तार	
३.	विरपुर पोखरी, शिवराज न.पा.५	०.६२	माटो थिग्रिएर गाईबस्तुको आश्रय खेल्नेजस्तो हालतमा रहेको पोखरीलाई करिब १ देखी २ मिटर गहिरो माटो निकाली चारैतिर २ मिटरको डिल निर्माण	
४.	सिसैह्वा पोखरी, कृष्णनगर न.पा.२	१.०८	पोखरीभित्र जमेको माटो निकाली पोखरीको चारैतिर ३ मिटरको डिल निर्माण, पोखरीको इन्लेट तथा	

			आउटलेट सरसफाई	
५	गणेशपुर पोखरी, विजयनगर गा.पा. ६	२.१८	पोखरीको जग्गा अतिक्रमण गरी खेतीपाति गरीरहेको दक्षिण पश्चिमी दलदल क्षेत्र खाली गरी उक्त क्षेत्रको माटो खनि डिल तयार गरी नयां पोखरी निर्माण गरिएको ।	

२.२.२ चुरे पहाड सौन्दर्यीकरण प्रबर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत चुरे क्षेत्रको दक्षिणी भेगमा पर्ने बुद्धभुमी नगरपालिका वार्ड नं. ९ अन्तर्गतको श्री गौरीशंकर सामुदायिक वन भित्र रहेको बरगडुडी तालको मर्मत संभार तथा स्तरोन्नति गरिएको थियो । जस अन्तर्गत करिब १.२५ हे. क्षेत्रफलको पोखरी भित्र जमेर रहेको माटो निकाली पुर्व तथा दक्षिण सिमानामा मोटरेबल बाटो निर्माण गरिएको थियो । पोखरीमा रहेका सुकेर ढलेका रुख तथा जराहरु निकालिएको थियो तथा पोखरीको इनलेट निर्माण गरिएको थियो । वन संरक्षण तथा व्यवस्थापनमा असर नपर्नेगरी सम्बन्धित उपभोक्ता समितिलाई माछापालन जस्ता आयआर्जनका कृयाकलाप संचालन गर्न दिनेगरी डिभिजन वन कार्यालय तथा सम्बन्धित सा.व.उ.स. संग सम्झौता भई पोखरी मर्मत तथा स्तरोन्नती गरिएको थियो ।



पोखरी मर्मत गर्नु पुर्व



पोखरी मर्मत र स्तरोन्नती पश्चात

यसै कार्यक्रम अन्तर्गत १ लाख गोटा अम्रिसोको स्लिप खरिद गरि श्री रामलक्ष्मण सामुदायिक वन, पुरैना सामुदायिक वन, एकिकृत सुरही सामुदायिक वन, चेतनशिल सामुदायिक वन लगाएतको क्षेत्रमा रोपणका लागि वितरण गरिएको थियो ।

२.२.३ तालतलैया तथा सिमसारक्षेत्रको संरक्षण कार्यक्रम

यस डिभिजन अन्तर्गत २ स्थानमा संचालन गरिनें गरी स्वीकृत भई आएको यो कार्यक्रम विजयनगर गा.पा. वार्ड नं. २ स्थित श्री पुरैना सामुदायिक वन अन्तर्गत रहेको पुरैना सिमसार तथा बुद्धभुमी न.पा. वार्ड नं ३ स्थित श्री रामलक्ष्मण सामुदायिक वन अन्तर्गत रहेको रामलक्ष्मण सिमसारको संरक्षणका लागि मर्मतसंभार गरिएको थियो । यी दुवै सिमसारहरु आन्तरिक पर्यटक तथा धार्मिक हिसाबले महत्वपुर्ण रहेकाले यी सिमसारहरुको छनौट गरिएको थियो । पुरैना सिमसारक्षेत्रको दक्षिण तर्फको आउटलेट तथा पुर्वी क्षेत्रमा थेग्रीएको माटो निकाली बरीपरि हिड्डुल गर्ने २ मिटर चौडा बाटो निर्माण गरिएको थियो । त्यसैगरी विगतदेखी माछापालन भईरहेको यस सिमसारक्षेत्रमा पानिमा जमेर रहेको घांस तथा झाडीहरु सरसफाई गरिएको थियो ।

त्यसैगरी रामलक्ष्मण सिमसारको उत्तर पुर्व तर्फ इनलेटमा जमेको माटो निकाली दक्षिण तर्फ, पुर्व तर्फ ३ मिटर चौडा बाटो निर्माण गरिएको, पोखरीको बिच भागमा रहेको मन्दिर जाने पहुंच सडक मर्मत गरिएको तथा मन्दिर वरिपरि र सिमसारको डिल वरीपरि अम्रिसोको बिरुवा रोपण गरिएको थियो ।



रामलक्ष्मण सिमसार



पुरैना सिमसार

२.२.४ नदि उकास तथा सार्वजनिक जग्गामा वृक्षारोपण

गुगौली सब डिभिजन अन्तर्गत पर्ने विजयनगर गाउपालिका वार्ड नं. २ मा रहेको श्री इन्द्रेणी सामुदायिक वनको पुर्वी सिमाना भएर बग्ने चिरई खोलाको नदि उकास ८.६४ हे. क्षेत्रफलमा तारबार गरी वृक्षारोपण कार्य सम्पन्न गरिएको छ । डिभिजन वन कार्यालय र सम्बन्धित सा.व.उ.स. बिच सम्झौता भई सा.व.उ.स.ले सामुदायिक वनसंगै जोडिएको नदिउकास क्षेत्र अतिक्रमण भई हाल खेतिपाति भईरहेको क्षेत्रमा सिमेन्ट पोल सहितको काडेतारबार गरि वृक्षारोपण गरेको थियो । यसबाट अतिक्रमण भएको उक्त करिब ४ हे. क्षेत्रफल व्यवस्थापन गर्न सहयोग पुगेको थियो । उक्त क्षेत्रमा वृक्षारोपणका लागि डिभिजन वन कार्यालय परिसरको नर्सरी तथा गुगौली सब डिभिजन अन्तर्गतको नर्सरीबाट बिरुवा उपलब्ध गराईएको थियो ।



इन्द्रेणी सा.व.संगै जोडिएको अतिक्रमित ८.६४ हे. नदि उकासक्षेत्रमा तारबार गरी वृक्षारोपण

२.२.५ बिरुवा उत्पादन तथा खरिद (बहुवर्षिय समेत)

शिवराज न.पा.५ चन्द्रौटामा डिभिजन वन कार्यालय परिसरमा रहेको वन नर्सरीमा १ लाख गोटा तथा ठकुरापुर सब डिभिजन अन्तर्गत रहेको नर्सरीमा २५ हजार गोटा बिरुवा उत्पादनका लागि कार्यआदेश भई

उक्त दुवैस्थानमा गरी १ लाख २९ हजार १ सय ४५ गोटा बिरुवा उत्पादन गरिएको थियो । जसमा स्थानिय उपभोक्ताको मागको आधारमा करिब ६० प्रतिशत बिरुवा सेतो मसलाको उत्पादन भएको र बाकि बिरुवाहरु सिमल, सिस्नो, खयर, इँपिल इँपिल, बकाईनो, कपोक, खमारी, अमला, कल्की फुल, टिक तथा बाँसको रहेको थियो ।





नर्सरी बिरुवा उत्पादन गरिँदै

२.२.६ सामुदायिक वनमा पर्यापर्यटन बिकास सहयोग

आन्तरिक तथा बाह्य पर्यटनको हिसाबले महत्वपूर्ण रहेका सामुदायिक वनक्षेत्र भित्ररहेका क्षेत्र तथा सिमसारहरुको स्तरोन्नति तथा वातावरण मैत्री संरचना निर्माण गरी उक्त पर्यापर्यटनलाई अझ प्रवर्द्धन गर्ने हेतुले शिवराज न.पा.१ र ५ स्थित श्री एकिकृत सुरही सामुदायिक वनभित्र रहेको उमरी डाँडा तथा श्री शिवराज न.पा ५ स्थित श्री चिसापानी सामुदायिक वन भित्रको सिमसार क्षेत्रमा यो कार्यक्रम संचालन गरिएको थियो । जस अन्तर्गत उमरी डाँडामा आगन्तुकले आराम गर्ने गोलघर निर्माण, तारबार मर्मत, फुट ट्रे निर्माण तथा सौन्दर्यमुलक बिरुवाको वृक्षारोपण गरिएको थियो । त्यसैगरी चिसापानी सामुदायिक वनभित्र रहेको प्राकृतिक सिमसारको स्तरोन्नति गरी भविष्यमा सामुदायिक वनको संरक्षण र व्यवस्थापनलाई असर नपुग्ने गरी आयमुलक माछापालन संचालन गर्न दिने तथा आन्तरिक तथा बाह्य पर्यटकलाई घुमघाम र पिकनिक स्थलको रुपमा बिकास गर्नेगरी कार्यक्रम संचालन गरिएको थियो ।

२.२.७ शिवगढी मन्दिर क्षेत्रको संरक्षण तथा सौन्दर्यीकरणका लागि गुरुयोजना निर्माण

शिवराज नगरपालिका वार्ड न. ९ अन्तर्गत पर्ने ऐतिहासिक, धार्मिक तथा सास्कृतिक महत्व रहेको शिवगढी मन्दिर क्षेत्रको संरक्षण तथा सौन्दर्यीकरणका लागि गुरुयोजना तयार गर्न विनियोजन भई आएको बजेटलाई ब्रेकडाउन गरी उक्त क्षेत्रको गुरुयोजना तथा वृस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ । उक्त कृयाकलाप सार्वजनिक खरिद ऐन, २०६३ तथा गैह्रसरकारी सेवा प्रदायकबाट सेवा प्राप्ती संबन्धि निर्देशिका, २०६१ मा भएको व्यवस्थाप बमोजिम परामर्श सेवा मार्फत आवश्यक प्रकृया पुरा गरी श्री कमन नेपाल प्रा.लि., बाणगंगा ४, कपिलवस्तुले पेश गरेको आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृत भई उक्त परामर्शदाताबाट तपसिल अनुसारको दस्तावेजहरु तयार गरिएको छ ।

तपसिल:

१) शिवगढी मन्दिर क्षेत्रको गुरुयोजना

२) Detailed Cost Estimate of Shivagadhi Area Development Master Plan; Volume – I

३) Detailed Drawing of Shivagadhi Area Development Master Plan; Volume – II

४) Site Specific Environment Management Plan (SEMP)

५) Detailed Project Report (DPR) on Ramuwadaha-Hattimod-Shivagadhi Temple Road, Vol.-I

६) Detailed Cost Estimate of Shivagadhi Area Development Master Plan; Volume – I

७) DPR on Dhankhola-Thado Ukalo-Shivagadhi Temple Road, Vol.-I, Report and Estimate

८) DPR on Dhankhola-Thado Ukalo-Shivagadhi Temple Road, Vol.-II, Drawing

२.२.८ निजी वन बिकासका लागि प्रोत्साहन कार्यक्रम:

यस कार्यक्रम अर्न्तगत यस कार्यालयमा नीजि वनको रुपमा दर्ता कायम रहेका तथा निजी वनको संरक्षण र बिकासमा कृयाशिल रहेका शिवगढी सब डिभिजन तथा ठकुरापुर सब डिभिजन अर्न्तगतका निजी वन धनीहरुलाई अर्न्तकृया गोष्ठि संचालन गरिएको तथा नीजि वन व्यवस्थापनका लागि Forestry Equipements हरु वितरण गरिएको थियो । निजी वन व्यवस्थापनमा देखिएका समस्याहरु, निजी वनको वन पैदावारको सहज संकलन, ढुवानी तथा बिक्रिवितरण तथा यसमा डिभिजन वन कार्यालयबाट प्रदान गरिने प्राविधिक सहयोगको बारेमा जानकारी तथा सिकाई र सुझावहरु आदान प्रदान गरिएको थियो । त्यसैगरी वन सम्वर्द्धनका लागि अन्यावश्यक ईक्विपमेन्टसहरुमा बो-सः, बिल हुक, रोप, पन्जा लगाएतका सामाग्रीहरु वितरण गरिएको थियो । त्यसैगरी डिभिजनस्तरमा रहेका निजी वनहरुमध्ये उत्कृष्ठ ४ वटा निजी वनधनीलाई छनौट गरी प्रथम, द्वितिय, तृतिय र सान्त्वना पुरस्कारबाट पुरस्कृत गरिएको थियो ।





२.२.९ वन अतिक्रमण नियन्त्रण:

शिवराज नगरपालिका वार्ड नं.५ चन्द्रौटा बजार क्षेत्रसंग जोडिएको अतिक्रमणको प्रबल संभावना रहेको तथा नगरपालिकाबाट भविष्यमा बसपार्क निर्माण गरिने प्रस्ताव गरिएको झाडी वट्यान सहितको वनक्षेत्रमा सिमेन्ट पोल सहितको तारबार गरि वृक्षारोपण सम्पन्न गरिएको छ । जस अर्न्तगत २ स्थानमा ४.११ हे. क्षेत्रफलमा वृक्षारोपण कार्य सम्पन्न गरिएको छ ।

- नगरपालिकाको हाटबजार लाग्ने क्षेत्रसंग जोडिएको पूर्वी क्षेत्र १.५७ हे.
- नगरपालिको उत्तरतर्फ रहतकोल जाने बाटो वरिपरिको क्षेत्र २.५४ हे.





चन्द्रौटा बजार क्षेत्रको अतिक्रमण क्षेत्र हटाईँदै वृहत वृक्षारोपण कार्यक्रमको शुभारम्भ गरिँदै

यसका अलावा यस कार्यक्रम अन्तर्गत १ पटक सरोकारवाला निकायहरुको अन्तर्क्रिया गोष्ठि सञ्चालन गरिएको थियो । डिभिजन वन कार्यालयको आर्थिक सहयोग तथा शिवराज एफ.एम.को आयोजनामा विभिन्न सरोकारवाला निकायहरुलाई समावेश गरी यो कार्यक्रम सम्पन्न गरिएको थियो । यसैगरी अतिक्रमण नियन्त्रणका लागि अत्यावश्यक सामाग्री (झोला, जुत्ता, साईकल लगाएतका सामाग्री) खरिदगरी यस कार्यालयको शस्त्र वन रक्षक, वन रक्षक लगाएतलाई वितरण गरिएको थियो ।

२.२.१० वन अपराध नियन्त्रणः

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटलाई तपसिल बमोजिम ब्रेकडाउन गरी कार्यक्रम संचालन गरिएको थियो ।

सि.नं.	कृयाकलापको विवरण	ईकाई	परिमाण	ब्रेकडाउन बजेट	कैफियत
१	सुर्याकि परिचालन	प्याकेज	१	२५,०००/-	
२	वन तथा वन्यजन्तु संवन्धि अपराध नियन्त्रणका लागिप्रचारप्रसार (एफ.एम, पत्रपत्रिका, होर्डिङबोर्ड आदि)	प्याकेज	१	३०,०००/-	
३	वन अपराध नियन्त्रणका लागि सुरक्षा सामाग्री खरिद (टर्च, टुसलेट, झोला, जि.पि.एस., रेनकोट लगाएतका सामाग्री) खरिद	प्याकेज	१	१,९५,०००/-	
४	वन अपराध नियन्त्रणका लागिगस्ती परिचालन गर्दा इन्धन/गाडी भाडा, सवारी साधान मर्मत, खाना, खाजा मसलन्द खर्च लगाएत	प्याकेज	१	२,५०,०००/-	
	जम्मा			५,००,०००/-	

२.२.११ वन डढेलो नियन्त्रण तथा रोकथाम

सुख्या याम अर्थात् फाल्गुण चैत्र देखी वनजंगल क्षेत्रमा विभिन्न कारणवाट आगलागी एवं वन डढेलोको प्रकोप देखिने गरेको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डढेलोको प्रकोप देखा पर्ने गरेको छ । यस कार्यका लागि डिभिजन तथा सव डिभिजनस्तरमा समयमा नै सतर्कता एवं वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका कृयाकलापहरु अगाडी बढाउनुपर्ने हुन्छ । यस कार्यका लागि वन डढेलो लाग्न सक्ने मौसम वा सिजन शुरुहुनुपुर्व सम्वन्धित सवै सरोकारवाला निकायहरुलाई समावेश गरी वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सवन्धि तालिमहरु संचालन गर्ने, डिभिजन तथा सव डिभिजनस्तरमा वन डढेलो नियन्त्रण सञ्जाल निर्माण गर्ने तथा प्रचारप्रसारका कृयाकलापहरु संचालन गर्नुपर्ने आवश्यक देखिन्छ ।

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटवाट स्थानियस्तरमा संचालनमा रहेका ५ वटा एफ.एम.वाट वन डढेलो नियन्त्रण तथा व्यवस्थापन संवन्धि जानकारीमुलक सन्देश तयार गरी १/१ महिना प्रसारण गरिएको थियो । त्यसैगरी डढेलोको प्रकोप हुनसक्ने सम्भावित सरकारद्वारा व्यवस्थापित [illegible]

सामुदायिक वन तथा साझेदारी वनक्षेत्रमा वटा सुचनामुलक होर्डिङ्गबोर्ड तयार गरी जडान गरिएको थियो । यसका अलावा यस कार्यक्रम वन डढेलो नियन्त्रण संबन्धि फायर फाईटिङ्ग ईक्विप्मेन्टहरु खरिद गरी नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा एकिकृत सुरही सामुदायिक वनलाई हस्तान्तरण गरिएको थियो ।



डढेलो नियन्त्रण संबन्धी होर्डिङ्गबोर्ड जडान गरिदै



फायर फाईटिङ्ग सामाग्री हस्तान्तरण गरिदै

२.२.१२ साझेदारी वन व्यवस्थापन:

यस डिभिजन वन कार्यालय अन्तंगत रहेका ३ वटा साझेदारी वन (गौतमबुद्ध, कपिलबस्तु तथा शिवराज) व्यवस्थापन समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वार्षिक रुपमा आ.व.२०७५।०७६ मा संचालन गरिने वैज्ञानिक वन व्यवस्थापनका कृयाकलापहरु संचालनका लागि उक्त साझेदारी वनहरुसंग छलफल तथा अन्तंकृया संचालन गरि यस शिर्षकमा विनियोजित बजेटलाई चौमासिक रुपमा निकासा गरिएको थियो । सम्वन्धित साझेदारी वनले संचालन गर्ने पुनरोत्पादन कटान, झाँडी सरसफाई, विरुवा उत्पादन, वितरण तथा वृक्षारोपण, पुनरोत्पादन प्लट तारबार, आगलागी तथा चरिचरण नियन्त्रण लगाएतका समुहको आमभेलाबाट स्वीकृत कार्यक्रमहरु संचालनमा उपरोक्त बजेट खर्च भएको थियो ।

२.३ संघीय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रम तर्फको :

यस कार्यक्रम अन्तंगत पुँजीगत तथा चालु शिर्षक तर्फ विभिन्न ९ वटा ब्रोड हेडिङ्ग अन्तंगत विविध कृयाकलाप संचालन गर्नका लागि बजेट विनियोजन भई आएको थियो ।

- जडिबुटी विकास कार्यक्रम (कर्णाली जडिबुटी प्रशोधन समेत)
- राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
- संरक्षित वन कार्यक्रम
- सरकारद्वारा व्यवस्थित वन (चक्ला वन)/साझेदारी वन
- वृक्ष सुधार, वृक्षारोपण तथा निजी वन कार्यक्रम
- सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम
- नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ सहयोग कार्यक्रम
- सिमसार संरक्षण
- वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना

उपरोक्त शिर्षक अन्तंगत संचालित मुख्य मुख्य कृयाकलापहरुको विवरणहरु यस प्रकार रहेका छन् ।

२.३.१ स.ब.र क्याम्प स्थापना तथा व्यवस्थापन

डिभिजन वन कार्यालयको सागठनिक सरचना अन्तर्गत यस कार्यालयमा दरबन्दि रहेका सशस्त्र वन रक्षकको व्यवस्थापनका लागि १ वटा स.ब.र.क्याम्प स्थापनाको लागि १० लाख बजेट विनियोजन भई आएकोमा उक्त रकममा यस जिल्ला अन्तर्गत रहेको जिल्ला वन पैदावार आपुर्ति समितिबाट सोही बराबरको रकम थप गरी एक ४ कोठे स.ब.र. क्याम्प स्थापना गरिएको छ । यो डिभिजन वन कार्यालय, नया डिभिजनको रुपमा स्थापना भएको र कार्यालयको नियमित कृयाकलापहरु सचालनका लागि भवन तथा ठाउको अभावको कारणले हाल उक्त क्याम्पलाई कार्यालय भवनको रुपमा प्रयोग गरिएको छ ।




निर्माणधिन भवन र निर्माण पश्चात् डिभिजनको कार्यालयको रुपमा प्रयोग गरिदै

२.३.२ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन तथा सामाग्री वितरण

यस कार्यक्रमबाट डिभिजनस्तरमा १ पटक वन डढेलो नियन्त्रण व्यवस्थापन तालिम तथा अन्तर्गतका ६ वटा सब डिभिजनहरुलाई डिभिजनस्तरमा १/१ पटक वन डढेलो व्यवस्थापन अभ्यास सचालन गर्नको लागि खर्च गरिएको थियो । त्यसैगरी वन-डढेलो नियन्त्रण सबन्धि सामाग्रीहरु खरिद गरी सुरक्षा निकाय तथा सामुदायिक वनलाई हस्तान्तरण गरिएको थियो ।




वन डढेलो नियन्त्रण तथा व्यवस्थापन तालिम तथा फिल्ड अभ्यास

२.३.३ साझेदारी वन व्यवस्थापन

यस डिभिजन अन्तर्गत रहेका साझेदारी वन व्यवस्थापन समितिको वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका लागि यस अन्तर्गत विनियोजित बजेट खर्च गरिएको थियो । प्रदेश सरकार तथा संघीय सरकार तर्फ यो कार्यक्रम स्वीकृत भई आएकोले उपरोक्त दुवै शिर्षक तर्फको बजेट नै यस डिभिजन अन्तर्गतका ३ वटा साझेदारी वन व्यव.समुहको आ.व.२०७५।०७६ को स्वीकृत बार्षिक कार्ययोजना कार्यान्वयनमा खर्च गरिएको थियो ।

२.३.४ कृषि वन प्रणाली प्रबर्द्धन कार्यक्रम

यस कार्यक्रमलाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम कार्यान्वयन योग्य कृयाकलापहरुमा विभाजन गरी सबै सब डिभिजनस्तरमा नीजि वन धनीहरुको बैठक तथा समुह गठन कार्य सम्पन्न गरिएको थियो । त्यसैगरी उपरोक्त डिभिजनहरुमा वृक्षारोपण प्रबर्द्धनका लागि समुह अनुदान सहयोग तथा फिल्डस्तरीय वृक्षारोपण कोचिगको कृयाकलाप संचालन गरिएका थिए ।

२.३.५ निजी नर्सरी स्थापना अनुदान तथा बिरुवा उत्पादन

वनक्षेत्रभन्दा टाढा रहेका जिल्लाको दक्षिणी बेल्टमा वृक्षारोपणका लागि सहज रुपमा बिरुवा उत्पादन होस भन्ने हेतुले ठकुरापुर सब डिभिजन अर्न्तगत १ जना तथा खरेन्द्रपुर सब डिभिजन अर्न्तगत १ जना कृषकलाई आफ्नो निजी जग्गामा नर्सरी स्थापनाका लागि अनुदान दिईएको थियो । साथै सो नर्सरीमा बिरुवा उत्पादनका लागि प्रति नर्सरी ९/९ हजार गोटा स्थानिय माग अनुसारको बिरुवा उत्पादनका लागि आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराईएको थियो । उक्त नर्सरीहरुबाट उत्पादित बिरुवा त्यस क्षेत्रका बासिन्दालाई निशुल्क रुपमा बितरण गरिएको थियो ।

२.३.६ निजी वन दर्ता

आ.ब.२०७५।०७६ मा यस डिभिजनको शिवगढी, चम्पापुर तथा ठकुरापुर सब डिभिजन अर्न्तगत ३६ जना निजी वन धनीहरुको नीजि वन दर्ता गरिएको छ । उक्त निजी वनहरु शिवगढी सब डिभिजनमा ११ गोटा, ठकुरापुर सब डिभिजनमा १८ गोटा तथा चम्पापुर सब डिभिजनमा ७ गोटा दर्ता गरिएको हो । उक्त ३६ गोटा निजी वनले जम्मा १३.२४ हे.निजी आवादी जग्गामा बिभिन्न जातका करिब ३०,५४४ गोटा बिरुवाहरु वृक्षारोपण भएको छ (अनुसूची ...) ।

२.३.७ बिरुवा उत्पादन तथा वृक्षारोपण:

चालु आ.ब.मा बिरुवा उत्पादन तथा वृक्षारोपण कार्यक्रम अर्न्तगत स्थानीय मागको आधारमा बिभिन्न ८ जात (मसला, सिमल, सिसौ, खयर, ईपिल ईपिल, बकाईनो, कपोक, खमारी) को ६२,५२५ गोटा बिरुवा उत्पादन गरि बितरण गरिएको थियो । डिभिजन वन कार्यालय, गौतमबुद्धको कार्यालय परिसरको वन नर्सरीमा यी बिरुवा उत्पादन गरिएका थिए । त्यसैगरी वृक्षारोपण कार्यक्रम अर्न्तगत तपसिलको क्षेत्रमा तपसिल बमोजिम वृक्षारोपण गरिएको थियो ।

सि.नं.	वृक्षारोपण गरिएको क्षेत्र	ठेगाना	क्षेत्रफल	रोपण भएका बिरुवा संख्या
१.	श्री गौरीशंकर सा.ब.को खाली क्षेत्र	बुद्धभूमी न.पा.९	३.२७ हे.	५५६०
२	श्री समईमाई सा.ब.को खाली क्षेत्र	बिजयनगर गा.पा.२	२.९० हे	३४५०
३.	अतिक्रमण हुनसक्ने संभावना रहेको	शिवराज न.पा.५	२.५४ हे.	४४२०
४.	चन्द्रौटा बजारसंग जोडिएको वनक्षेत्र	शिवराज न.पा.५	१.५७ हे	२७५०
	जम्मा		९.३८ हे.	१६१८०

२.३.८ सामुदायिक वनमा बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन .

यस कार्यक्रम अर्न्तगत स्वीकृत कार्यविधि बमोजिम यस कार्यालयमा दर्ता कायम रहेका ५ वटा सामुदायिक वन उपभोक्ता समुहको वन कार्ययोजना बैज्ञानिक पद्धतिमा आधारित रहेर १० बर्षे कार्ययोजनाको रुपमा तयार गरिएको थियो । स्थानिय उपभोक्ताहरुले बिगत समय देखी परम्परागत रुपमा संरक्षण, सम्बर्द्धन गर्दै आएको सामुदायिक वनक्षेत्रमा बैज्ञानिक पद्धति लागु गर्न नपुग बरिपरीको सरकारद्धारा ब्यवस्थित वनक्षेत्रसमेत गाभि नर्या वन व्यवस्थापन कार्ययोजना तयार गरी लागु गरिएको थियो । यस कार्यालय र सम्बन्धित सा.ब.उ.स बिच सम्झौता भई सा.ब.उ.स.लाई अनुदान दिईएको र सा.ब.उ.स.ले सेवा प्रदायक संस्थाको सहयोगमा उक्त कार्ययोजनाहरु तयार गरेको थियो ।

CamScanner

सि.नं.	सा.व.उ.स.को नाम	ठेगाना	क्षेत्रफल (हे.)	घरधुरी सं.	कैफियत
१	मनकामना	शिवराज न.पा. १ र ५	४९५.३९	२७९	
२	चेतनशिल	शिवराज न.पा. ३	३९९.३०	१५४	
३	शिवशक्ति	शिवराज न.पा. ९	३९७.५२	४००	
४	इन्द्रेणी	विजयनगर गा.पा.२	३७७.२९	४३२	
५	जौडमहुवा	विजयनगर गा.पा.१	२९१.७८	३४३	
	जम्मा		१,९६१.२८	१६०८	

२.३.९ लग यार्ड निर्माण

डिभिजन वन कार्यालयसगै जोडिएको शिवराज न.पा.५, चन्द्रौटास्थित कपिलवस्तु साझेदारी वन व्यवस्थापन समितिको घाटगढ्डि (लग यार्ड) मा सहज काठदाउरा लोड, अनलोड, बिक्रिवितरण तथा दुवानीका लागी उक्त लगयार्डको नक्साकन गरी बाटो निर्माण तथा व्यवस्थापन गरिएको छ। घाटगढ्डि छिर्ने मूल गेट निर्माण, नाला सहित ६ मिटर र ४ मिटर चौडा ग्राभेल बाटो निर्माण तथा वरीपरि सिमेन्ट पोल सहितको तारबार मर्मत कार्य सम्पन्न गरिएको छ। यस कार्यालयबाट ठेक्का प्रथाद्वारा उक्त कार्य सचालनका लागि बोलपत्र आह्वान गरी उक्त कार्य सम्पन्न गरिएको थियो।



२.३.१० पर्यापर्यटन प्रबर्द्धन:

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट चम्पापुर सब डिभिजन अन्तर्गत श्री हरियाली सामुदायिक वनक्षेत्र भित्र रहेको करिब ५ हे. क्षेत्रफलमा फैलिएको वृजा तालको मर्मत संभार, उक्त तालक्षेत्रमा प्रवेश गर्ने गेट निर्माण, तारबार मर्मत तथा पार्किङ्गका लागि बाटो निर्माण एवं मर्मत कार्य सम्पन्न गरिएको छ। आन्तरिक पर्यटनका एकदमै उपयुक्त रहेको यस सिमसार क्षेत्रमा जंगली जीवजन्तु तथा विभिन्न प्रजातिका पंक्षीहरु देख्न पाईन, सिमसारको मनमोहक दृश्य, सिमसार क्षेत्रमा आयमुलक रुपमा माछापालन सचालन तथा सिमसारको पानिले स्थानिय उपभोक्ताको खेतिपाति सिंचाई हुदै गरेकोमा यस मर्मत संभार तथा स्तरोन्नति कार्यले उक्त कृयाकलापमा बढावा दिन सहयोग पुग्ने देखिएको छ।



भाग-३
बिबिध

३.१ वन अतिक्रमण नियन्त्रण:

यस डिभिजन वन कार्यालयबाट चालु आ.ब.मा शिवराज न.पा.वाई नं. ५ चन्द्रौटा बजारको आसपासको वनक्षेत्र जुन अतिक्रमण हुन सक्ने प्रबल संभावना रहेको थियो उक्त क्षेत्रलाई यस कार्यालयबाट तारबार गरी व्यवस्थापन गरिएको छ । चन्द्रौटा बजार आसपासको २ वटा क्षेत्रमा शिवराज न.पा.ले वसपार्क निर्माणका लागि प्रस्ताव गरेको हाल हाटबजार लाग्ने क्षेत्र पूर्वतर्फको १.५७ हे. तथा बजारको उत्तरतर्फको श्री राष्ट्रिय उच्च मा.वि. संगै जोडिएको २.५४ हे. क्षेत्रफलमा रहेका केही टहरा तथा खेतीवाली हटाई वृक्षारोपणको कार्य सम्पन्न गरिएको छ ।



चन्द्रौटा बजार उत्तरतर्फ वन अतिक्रमण हटाईदै



चन्द्रौटा बजार पुर्व हाटबजार क्षेत्र नजिक तारबार गरी वृक्षारोपण

३.२ साझेदारी वन तर्फको गणेशमानसिंह प्रथम पुरस्कारबाट सम्मान

यस डिभिजन वन कार्यालय अन्तर्गत रहेको श्री कपिलवस्तु साझेदारी वन व्यवस्थापन समुहले २०७५ सालको गणेशमान सिंह उत्कृष्ट साझेदारी वन पुरस्कार प्राप्त गर्न सफल भएको छ । ५०८७ हे. क्षेत्रफलमा फैलिएको उक्त साझेदारी वन यस डिभिजन क्षेत्रको उत्तरी सिमाना अर्घाखाची जिल्लाको शितगंगा न.पा. देखी दक्षिणतर्फ महाराजगंज न.पा.को भारतको सिमाना सम्मका उपभोक्तालाई समेटेको छ । यस साझेदारी वन व्यवस्थापन समुहले बिगतमा गनक्षेत्रमा अतिक्रमण गरी बसोबास गर्ने अतिक्रमणकारीलाई हटाई उक्त क्षेत्रमा तारबार सहितको वृक्षारोपण संचालन गरेको, उक्त अतिक्रमणकारीलाई आयमुलक कृयाकलाप संचालनमा क्षमता विकास लगाएतमा सहयोग गरेको तथा वनक्षेत्रमा भएको चोरी कटानी तथा निकासीमा गरेको उल्लेख्य योगदानको कदरस्वरुप यो राष्ट्रियस्तरको पुरस्कारबाट सम्मानित भएको थियो ।





३.३ वृक्षारोपण दिवस सम्पन्न

नेपाल सरकारले आषाढ महिनाको १४ गतेलाई वृक्षारोपण दिवसको रुपमा मनाउने गरेको निर्णयानुसार यस डिभिजन वन कार्यालयद्वारा उक्त दिवसको दिन वृक्षारोपण गरी यो कार्यक्रम सम्पन्न गरिएको थियो । सो अवसरमा गुगौली सब डिभिजन वन कार्यालयको कम्पाउण्ड परिसरमा एक साना कार्यक्रमको आयोजना गरी वृक्षारोपण गरेर उक्त दिवस मनाईएको थियो । सो अवसरमा विजयनगर गाउपालिकाका प्रमुख, स्थानिय शसस्त्र प्रहरी विटका प्रमुख, साझेदारी वन व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समुहका पदाधिहरुको सहभागिता रहेको थियो ।





३.४ वृक्षारोपण वर्षको शुभारम्भ कार्यक्रम

२०७६ सालदेखि वृक्षारोपण वर्षको रुपमा मनाउने नेपाल सरकारको निर्णयानुसार यस डिभिजन वन कार्यालयबाट आषाढ महिनाको २३ गते एक वृहत कार्यक्रम सचालन गरी वृक्षारोपण वर्षको शुभारम्भ गरिएको थियो । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश न. ५ का मा.मन्त्री लिला गिरी ज्युको प्रमुख आतिथ्यमा सचालन गरिएको उक्त कार्यक्रममा शिवराज न.पा.५, चन्द्रौटा बजारसंग जोडिएको अतिक्रमण हुनसक्ने प्रबल संभावना रहेको १.५७ हे. क्षेत्रफलमा वृक्षारोपण गरिएको थियो । यसका साथै आ.व.२०७५।०७६ मा वन सरक्षण, व्यवस्थापनमा उत्कृष्ठ कार्य गर्ने सामुदायिक वन तथा साझेदारी वन र उत्कृष्ठ निजी वन हरुलाई पुरस्कृत गरिएको थियो । यसका साथै वन अपराध नियन्त्रण कार्यमा उत्कृष्ठ कार्य गर्ने मिडियाकर्मी पत्रकार, नेपाल प्रहरी तथा शसस्त्र प्रहरी र यस कार्यालयका कर्मचारी समेतलाई पुरस्कृत गरिएको थियो ।

३.३.१ वृक्षारोपण वर्ष शुभारम्भ गरिदै





मा. मन्त्रीज्युबाट वृक्षारोपण वर्षको व्यानर खोलर उदघाटन तथा वृक्षारोपण क्षेत्रमा वृक्षारोपण गरिदै

CamScanner



मन्त्रालयका श्रीमान् सचिव ज्युवाट वृक्षारोपण गरिदै



डि.व.अ. ज्युवाट वृक्षारोपण गरिदै

३.३.२ उत्कृष्ठ सा.व., साझे.वन. तथा निजी वन पुरस्कार वितरण गरिदै



उत्कृष्ठ साझे.वन पुरस्कार ग्रहण गर्दै



उत्कृष्ठ निजी वनको पुरस्कार ग्रहण गर्दै





वन अपराध नियन्त्रणमा उत्कृष्ठ कार्य गर्ने नेपाल प्रहरी तथा शसस्त्र प्रहरी कर्मचारीलाई पुरस्कृत गरिदै





वन तथा वन्यजन्तु संरक्षणमा उत्कृष्ठ कार्य गर्ने सशस्त्र वन रक्षक तथा वन रक्षकलाई पुरस्कृत गरिदै

३.४ निःशुल्क घुम्ती बिरुवा बितरण अभियान

बिरुवा उत्पादन गरिएको वन नर्सरी भन्दा टाढा रहेका कृषकहरुलाई सहज रुपमा विरुवा उपलब्ध गराएर आफ्नो निजी आवादी जग्गामा वृक्षारोपण गर्न प्रोत्साहन गर्नका लागि घुम्ती विरुवा वितरण अभियान संचालन गरिएको थि । जस अर्न्तगत डि.व.का. चन्द्रौटा परिसरको नर्सरीमा उत्पादित विरुवाहरु शिवपुर, शिवगढी, विजयनजग, कृष्णनग चम्पापुर लगाएतका क्षेत्रमा यस कार्यालयको सवारीसाधन मार्फत् स्थानिय घरदैलोमा नै गई विरुवा वितरण गरिए थियो । सम्वन्धित सव डिभिजन वन कार्यालयका प्रमुखको संयोजकत्वमा यस घरदैलो अभियान मार्फत् करिब १ हजार गोटा विरुवा वितरण गरिएको थियो । उक्त विरुवा वितरण कार्य संचालन गर्दा बिरुवा लि कृषक/व्यक्ति/संस्थाहरुलाई विरुवा रोपण गर्ने सहि तरिकाको वारेमा समेत जानकारी गराईएको थियो ।





अनुसुचीहरु

(क) साझेदारी वनहरुको विवरण:

क्र.सं.	साझे. वन व्यव.समुहको नाम	ठेगाना	क्षेत्रफल (हे.)	सब डिभिजन कार्यालय	घरधुरी सख्या (HHs)	जनसंख्या (Pop)	कैफियत
१	गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समुह	उज्यवलपुर	३७४३.४२	गुगौली	८९१९	६२२२६	२०७४ सालमा उत्कृष्ट साझे वनको रुपमा पुरस्कृत
२	कपिलबस्तु साझेदारी वन व्यवस्थापन समुह	खरेन्द्रपुर	५०८७.५०	खरेन्द्रपुर	१५९४०	१०५३६५	
३	शिवराज साझेदारी वन व्यवस्थापन समुह	शिवपुर	१५०९.५०	शिवपुर	८६५२	६२९८०	
	जम्मा		१०३४०.५०		३३५११	१७६२४३	

(ख) हस्तान्तरित सामुदायिक वनहरुको विवरण:

क्र.सं.	सा.व.उ.समूहको नाम	ठेगाना	कोड	क्षेत्रफल (हे.)	सब डिभिजन कार्यालय	साविक ईलाका	घरधुरी सख्या (HHs)	जनसंख्या (Pop)	हस्तान्तरण मिति (Handover
१	श्री टिकुलीगढ	शिवपुर २	KAP/SH/36/01	८२.६८	शिवपुर	विसनपुर	१११	७२६	०६१।३।३१
२	देविस्थान	शिवपुर ९	KAP/SH/36/03	१९०.००	शिवपुर	विसुनपुर	१९३	१२८३	२०६६/१२/१६
३	श्री मनकामना	शिवपुर ७,९	KAP/SH/36/02	४९५.३९	शिवपुर	विसनपुर	२७९	२१५९	२०६२।३।५
४	एकिकृत सुरहि	शिवपुर १	KPA/SH/36/04	१९५.००	शिवपुर	शिवपुर	६६७	४४९१	२०६७/५/२८
५	जनचेतना सा.व	शिवपुर ८	KPA/SH/36/05	३९७.२१	शिवपुर	शिवपुर	३९६	१३७४	२०६७/६/२७
६	समईथान सा.व.	शिवराज ११	KPA/SH/36/07	७७.५०	शिवपुर	विसनपुर	१५६	९३६	२०७२/११/१०
७	चेतनाशिल सा.व	शिवपुर ९	KPA/SH/36/06	३९९.३०	शिवपुर	शिवपुर	१५४	५४१	२०६७/७/१६
८	दुर्गा देवी	पत्थरदेईया ८	KAP/SG/06/03	२८.९७	शिवगढी	शिवगढी			२०६९/१०/२१
९	चिसापानी	शिवगढी १,२,४,५,७	KAP/SG/01/03	१९६.००	शिवगढी	शिवगढी	१९१	१२००	२०६६/१२/१६
१०	श्री सृजनशिल	पत्थरदेईया ६, ७	KAP/SG/06/02	३२.००	शिवगढी	शिवगढी	१९४	९९६	२०६३/३/३२
११	शिवशक्ती सा.व	शिवगढी ३	KPA/SG/01/06	३९७.५२	शिवगढी	शिवगढी	४००	२०८७	२०६७/८/२
१२	श्री प्रभात	शिवगणी ५	KAP/SG/01/01	१४५.००	शिवगढी	शिवगढी	१०६	८०३	०५९।९।११

CamScanner

१३	कल्याणकोट	शिवगढी १,२,७ र ८	KAP/SG/01/02	१९७.५०	शिवगढी	शिवगढी	३७८	५३६६	२०६६/१०/१४
१४	शिवगढी सा व	शिवगढी ६,९	KPA/SG/01/04	३३६.९२	शिवगढी	शिवगढी	४०३	१६५८	२०६७/६/२६
१५	नमुना सा व	शिवगढी ४,६,९	KPA/SG/01/05	१७४.९६	शिवगढी	शिवगढी	३५०	१३६४	२०६७/६/२६
१६	श्री हुमेली	वरकूलपुर ७	KAP/CA/34/03	१३.१४	चम्पापुर	चम्पापुर	४३	२४९	२०६३/१२/२६
१७	श्री सिद्धार्थ	वरकूलपुर - ७	KAP/CA/34/01	५०.००	चम्पापुर	चम्पापुर	५४	४२८	०५३६/१०
१८	श्री हरियाली	वरकूलपुर १	KAP/CA/34/02	१५७.५०	चम्पापुर	चम्पापुर	४५	४००	०६१।३।३१
१९	श्री बेलवा	हरिहरपुर ७,८,९	KAP/CA/32/01	२७.१८	चम्पापुर	चम्पापुर	२२१	१५१४	२०६३/३/३२
२०	श्री रामलक्ष्मण	दुविया ८	KAP/CA/35/01	३९९.५०	चम्पापुर	चम्पापुर	१८५	१२५१	२०६६/२/८
२१	श्री पाण्डिहवा	वरकूलपुर ८	KAP/CA/34/04	४३.५६	चम्पापुर	चम्पापुर	१७२	१०८१	२०६६/३/३१
२२	श्री कञ्चन	वरकूलपुर ४	KAP/CA/34/05	११५.२५	चम्पापुर	चम्पापुर	१११	७७९	२०६६/५/३
२३	श्री बुद्ध यशोधरा	वरकूलपुर ३	KAP/CA/34/06	४९८.६६	चम्पापुर	चम्पापुर	१४३	७७७	२०६६/५/२४
२४	श्री जनचेतना	हरिहरपुर १	KAP/CA/32/02	१८३.००	चम्पापुर	चम्पापुर	१८३	११२७	२०६६/८/१५
२५	गौरी शंकर	वरकूलपुर ६	KAP/CA/34/07	३८७.७८	चम्पापुर	चम्पापुर	१२६	५३७	२०६६/१०/१५
२६	जनजागृति	दुविया ६ र ७	KAP/CA/35/02	४९५.७९	चम्पापुर	चम्पापुर	१९४	१०४२	२०६६/१०/१७
२७	शिव शक्ति	दुविया ९	KAP/CA/35/03	१३५.५०	चम्पापुर	चम्पापुर	१३१	७४९	२०६६/१०/१८
२८	जानकी	हरिहरपुर ६ र ७	KAP/CA/32/03	५९.००	चम्पापुर	चम्पापुर	१६६	११८५	२०६६/१०/२१
२९	कोटियामाड	हरिहरपुर ५	KAP/CA/32/04	५०.२५	चम्पापुर	चम्पापुर	४९	३४४	२०६६/१०/२१
३०	शंकर ज्योती	वरकूलपुर ५	KAP/CA/34/08	१५७.००	चम्पापुर	चम्पापुर	१४२	६९३	२०६३/१२/१२
३१	किसान	वरकूलपुर ३	KAP/CA/34/09	४७.००	चम्पापुर	चम्पापुर	४२	१९६	२०६६/१२/१५
३२	धनलौली सा व	हरिहरपुर ५	KPA/CA/32/04	७१.००	चम्पापुर	चम्पापुर	७०	४२५	२०६७/४/१०
३३	आदर्श सा व	वरकलपुर ८	KPA/CA/34/10	१८.००	चम्पापुर	चम्पापुर	९८	५८३	२०६७/८/७
३४	जनकल्याण सा व	दुविया १	KPA/BI/35/04	९४.७३	चम्पापुर	चम्पापुर	२५०	१०८५	२०६७/१०/९
३५	हिमालयन महिला सा व	दुविया ८	KPA/CA/35/06	१६२.८५	चम्पापुर	चम्पापुर	३३७	१६६९	२०६८/३/३१
३६	टाकुनीमाई महिला सा व	दुविया ६,७	KPA/CA/35/07	११३.२०	चम्पापुर	चम्पापुर	२३०	९१९	२०६८/३/३१
३७	कुसाई सा व	हरिहरपुर ४	KAP/CA/32/05	५५.००	चम्पापुर	चम्पापुर	१११	६१९	२०६९/६/१९
३८	जनता सा व	वरकूलपुर ३	KAP/CA/34/11	४९.९७	चम्पापुर	चम्पापुर	७७	४३९	२०६९/६/१९

३९	कैमल घाटिका सा.व	बरकुलपुर ४, ६	KAP/CA/34/13	१२७.००	चम्पापुर	चम्पापुर	२६४	५३९	२०६९/६/१९
४०	जनमुखि सा.वन	दुबिया ३	KAP/CA/35/08	७४.७४	चम्पापुर	चम्पापुर	१५९	५३०	२०६९/६/१९
४१	श्री विशाल	मानपुर ७,८,९	KAP/CA/40/01	४४.५०	चम्पापुर	चम्पापुर	१८३	११८५	२०६२।३।२४
४२	खैरहवा सा.व	हरिहरपुर ९	KAP/CA/32/07	३०.६८	चम्पापुर	चन्दौटा			२०७३।३।२२
४३	पुरैना सा.व	गुगौली २		११७.०३	गुगौली	जर्लैया			२०७३।११।२२
४४	रजया सा.व	पत्थरदैया ९	KAP/SG/07/03	२७.३३	गुगौली	जर्लैया			२०७३।२।३०
४५	गगासागर	खुरहुरिया ९		१३.३१	गुगौली	जर्लैया			२०७३।३।३०
४६	शारदा सा.व	गुगौली २,८	KPA/GU/02/03	१३४.००	गुगौली	गुगौली	२९६	१५७७	२०६७/१०/१४
४७	सुन्दर सा.व	गुगौली ५	KPA/GU/02/04	९६.००	गुगौली	गुगौली	१९८	१२०२	२०६७/१०/१५
४८	इन्देणी सा.व	गुगौली ४	KPA/GU/02/01	३७७.२९	गुगौली	गुगौली	४३२	१८२८	२०६७/६/२७
४९	जोडमहुवा सा.व	गुगौली १	KPA/GU/02/02	२९१.७८	गुगौली	गुगौली	३४३	१३४३	२०६७/६/२७
५०	घगौतिशिल सा.व	गगाली ६	KAP/GU/02/05	३९.३२	गुगौली				
५१	समयमाई सा.व	गगाली ६	KAP/GU/02/06	२२.२४	गुगौली		१०४		
	जम्मा			८,१०३.७९			९०७९	४८३७९.०	

(ग) बैज्ञानिक वन व्यवस्थापन पद्धति लागु भएका सामुदायिक वनहरुको विवरण:

क्र.सं.	सा.व.उ.समूहको नाम	ठेगाना	कोड	क्षेत्रफल (हे.)	सव डिभिजन कार्यालय	साविक ईलाका	घरधुरी संख्या (HHs)	जनसंख्या (Pop)	हस्तान्तरण मिति (Handover
१	श्री मनकामना	शिवपुर ७,९	KAP/SH/36/02	४९५.३९	शिवपुर	विसनपुर	२७९	२९५९	२०६२।३।५
२	जनचेतना सा.व	शिवपुर ८	KPA/SH/36/05	३९७.२१	शिवपुर	शिवपुर	३९९	१३७४	२०६७/६/२७
३	चेतनाशिल सा.व	शिवपुर ९	KPA/SH/36/06	३९९.३०	शिवपुर	शिवपुर	१५४	५४१	२०६७/७/१६
४	शिवशक्ती सा.व	शिवगढी ३	KPA/SG/01/06	३९७.५२	शिवगढी	शिवगढी	४००	२०८७	२०६७/८/२
५	श्री रामलक्ष्मण	दुबिया ८	KAP/CA/35/01	३९९.५०	चम्पापुर	चम्पापुर	१८५	१२५१	२०६६/२/८
६	श्री बुद्ध यशोधरा	बरकुलपुर ३	KAP/CA/34/06	४९८.६६	चम्पापुर	चम्पापुर	१४३	७७७	२०६६/५/२४
७	गौरी शकर	बरकुलपुर ६	KAP/CA/34/07	३८७.७८	चम्पापुर	चम्पापुर	१२६	५३७	२०६६/१०/१५
८	जनजागृति	दुबिया ६ र ७	KAP/CA/35/02	४९५.७९	चम्पापुर	चम्पापुर	१९४	१०४२	२०६६/१०/१७

९	इन्देणी सा.व	गगौली ४	KPA/GU/02/01	३७७.२९	गगौंल	गगौली	४३२	१८२८	२०६७.६.२७
१०	जोडमहुवा सा.व	गगौली १	KPA/GU/02/02	२९१.७८	गगौंल	गगौली	३४३	१३४३	२०६७.६.२७
	जम्मा			४१४०.२२			२६५५	१२९३९	

(घ) आ.ब.२०७५/०७६ मा दर्ता भएका निजी वनहरुको विवरण:

सि. नं.	सब डिभिजन	जग्गाधनीको नाम थर	जग्गा भएको (गा.पा./न.पा.)	कित्ता नं.	क्षेत्रफल			विरुवाको		कै
					बिघा	कट्ठा	धुर	जात	संख्या	
१	शिवगढी	श्री उमेश कुमार चौधरी	कृष्णनगर न.पा.११ रामनगर, क.व.	५२९	०	२	४	सागवान	१४५	
२		श्री टुगनाथ चौधरी	कृष्णनगर न.पा.११, रामनगर, क.व.	५२२, २५२	०	४	११	आप, सागवान, सिसौ	८४०	
३		श्री शिव कुमार चौधरी	बिजयनगर ७, मंगुनगर, क.व.	२४५, ५१६	१	५	१४	आप, सागवान	२७८	
४	शिवगढी	श्री विकास चौधरी	बिजयनगर ३ (जमुनी ५ ख), क.व.	१४५	१	२	८	सागवान, सिसौ, खयर, अर्जुन, जामुन, इपिल	२१८१	
५	शिवगढी	श्री साजिदा खान	बिजयनगर ३ (जमुनी ३ क), क.व.	१२६	२	१	१	सागवान, मसला, सिसौ, सिमल, बबुल, खयर, तिलका, राजवृक्ष, सेतो सिरीस, निम	४८९७	
६	शिवगढी	श्री रक्षाराम चौधरी	बिजयनगर ३, (जमुनी ५ ख) क.व.	३९६	०	१२	११	सागवान, अर्जुन, सिसौ, सेतो सिरिस, सिमल, खयर	१५१०	
७	शिवगढी	श्री कपिलदेव कुर्मि	कृष्णनगर ११, क.व.	९७३	०	३	१३	आप, सागवान	१५८	
८	शिवगढी	श्री दरबारी गडरिया	बिजयनगर ३, क.व.	१४०	०	३	१०	सागवान, सिसौ, बबुल	३४९	
९	शिवगढी	श्री राजकुमार पाल र दरबारी गडरिया संयुक्त	बिजयनगर ३, क.व.	३९८, ४००	०	६	०	सिसौ, मसला, सागवान	१८६६	
१०	शिवगढी	श्री [illegible]	बिजयनगर ३, क.व.	३९६, ३९९	०	१३	१९	सिसौ, सागवान	२१०१	

११	शिवगढी	श्री राम कुमार अहिर र राम गुलाम अहिर संयुक्त	विजयनगर ३, क.व.	२०२	०	७	१४	सिसौ, सागवान, बकाइनो, खयर, सिमल, निम, जामुन, मसला, ईपिल, आँप	७११	
१२	ठकुरापुर	श्री अजय कुमार चौधरी.	विजयनगर ५, क.व. (साविक खुरहुरीया ३ क)	५५८	०	८	१९	सागवान, सिसौ, ईपिल, मसला, कर्मा	२००	
१३	ठकुरापुर	श्री बैजनाथ पासी	विजयनगर ५, क.व. (साविक खुरहुरीया ३ क)	१७७	०	३	०	सागवान, सिसौ सिमल	२४५	
१४	ठकुरापुर	श्री रफिक मोहमद	विजयनगर ५, क.व. (साविक खुरहुरीया ३ क, ५ क)	१६, २४४	०	१७	१५	कर्मा, मसला, सागवान, सिसौ, जामुन, सिमल, अर्जन, सिसौ, अशोक, आँप	११८३	
१५	ठकुरापुर	श्री शिव कुमार चौधरी	विजयनगर ७, क.व. (साविक खुरहुरीया ३ क)	८४, ५५९, ७६४	१	४	१८	सिमल, सिसौ, सागवान, जामुन, मसला, कंटहर, धमिना, ईपिल, अर्जुन, कर्मा	१२०७	
१६	ठकुरापुर	श्री रामरक्षा चौधरी	विजयनगर ७, मधुनगर क.व.	२०४	०	६	१४	सागवान, सिसौ, सिमल, धमिना, आँप, जामुन, निम, टिकुई, मसला	३४१	
१७	ठकुरापुर	श्री महिना कुमिनी	विजयनगर ७, गेडुवाजोत, क.व.	४८६, २३५	०	१५	८	सिसौ, सागवान	१०२१	
१८	ठकुरापुर	श्री रामविसुन कुर्मि	विजयनगर गा.पा. ५, क.व.(साविक खुरहुरीया ३ क)	१६३	०	४	३	मसला, सागवान, सिसौ, सिरिस, वडहर	३१२	
१९	ठकुरापुर	श्री खदेरु अहिर	विजयनगर ११, क.व.	७३, ५११	०	४	८	सागवान, सिसौ, आँप, सिमल, जामुन, सागवान, खयर	४९६	
२०	ठकुरापुर	श्री रामदिन भुराउ	कृष्णनगर न.पा. १२, हरिगवा, क.व.	७५७	०	७	१५	मसला, खमारी, आँप, महुवा	६४	
२१	ठकुरापुर	श्री बलराम कुर्मि	विजयनगर ७, क.व.	३४३, ३४६, ४९,	०	१६	१८	सिस्सा, सागवान, मसला,	१५६३	

				९२२						
२२	ठकुरापुर	श्री खेतु कुमी	विजयनगर ७, क.व.	११६७, १२११	०	३	८	मसला	३४०	
२३	ठकुरापुर	श्री प्रितम कुमार चौधरी	विजयनगर ५, क.व.	८७०	०	३	१२	सागवान, मसला र सिसौ	२९३	
२४	ठकुरापुर	श्री राकेश कुमार श्रीवास्तव	विजयनगर ५, सिसहवा, क.व.	२४३	०	१९	३	सिसौ, इंपिल, सिमल, जामुन, आंप, सागवान, मौवा, निम	३९५	
२५	ठकुरापुर	श्री मेघश्याम श्रीवास्तव	कृष्णनगर न.पा.४, क.व.	३५८	०	६	६	आंप, सागवान र सिसौ	४२५	
२६	ठकुरापुर	श्री घनश्याम श्रीवास्तव	कृष्णनगर न.पा.४, क.व.	३५४, ३५९	०	१२	१९	सागवान, साल, सिसौ, सिमल, टिकुई, जामुन, कटहर, आंप, बबुल	५६७	
२७	ठकुरापुर	श्री रामसजिवन कुमि	विजयनगर गा.पा.७, क.व.	४८५, ६२८	०	३	१९	सिसौ, सागवान, खमारी, मसला	२३४	
२८	ठकुरापुर	श्री गिरीधारी लाल कुमि	विजयनगर गा.पा.७, क.व.	३६०	०	११	१६	आप, सागवान, सिसौ, टिकुई	६३३	
२९	ठकुरापुर	श्री पारस अहिर	विजयनगर गा.पा.५, क.व.	४६७	०	१०	१७	सागवान, सिसौ	५२	
३०	चम्पापुर	श्री रामकिसुन प्रसाद यादव	बुद्धभुमी न.पा.७, क.व.	१५९३, १५०८	०	६	८	सिसौ इंपिल, सिमल, सागवान	६०५	
३१	चम्पापुर	श्री राम मिलन अहिर	बुद्धभुमी न.पा.७, क.व.	१४३८, १४४४	०	४	१९	सिसौ, सागवान, कदम, राजवृक्ष, अमला, मसला	५६५	
३२	चम्पापुर	श्री मुन्ने यादव	बुद्धभुमी न.पा.७, क.व.	१५१२	०	६	१२	सागवान, सिमल, इंपिल, आंप, बांस, निम	५१५	
३३	चम्पापुर	श्री कृष्ण कुमार मुराउ	बुद्धभुमी न.पा.७, क.व.	१५९१	०	१७	०	सिसौ, जामुन, निम, सिमल, आंप, इंपिल	६०३	
३४	चम्पापुर	श्री होम नाथ यादव	बुद्धभुमी न.पा.७, क.व.	८७५	०	२	८	सिमल, इंपिल, मसला, आंप	४२९	

३५	चम्पापुर	श्री चित्तर अहिर	बुद्धभुमी न पा ७, क ब	८७४	०	२	८	सिसौ, सिमल, ईपिल, आँप	४१५	
३६	चम्पापुर	श्री सिताराम अहिर	बुद्धभुमी न पा ७, क ब	११८९	०	१५	९	सिसौ, ज़ामुन, मागवान, ईपिल, मसला, आँप	२६२५	
		जम्मा			१९	४	७		३०५४४	
					१३.२४ हेक्टर क्षेत्र					

(ङ) आ.ब २०७५/०७६ मा बिरुवा उत्पादन तथा वितरण संबन्धि विवरण:

सि.नं.	जात	परिमाण				कुल जम्मा	कैफियत
		प्रदेश सरकारबाट स्वीकृत कार्यकम तर्फको			संघीय सरकारबाट हस्तान्तरीत कार्यकम तर्फको		
		शिवशंकर प्रसाद जिम्मा नर्सरी (लक्ष्य ५० हजार गोटा)	रामचन्द्र शाह जिम्मा नर्सरी (लक्ष्य ५० हजार गोटा)	नागेन्द्र प्रसाद सिंह जिम्मा नर्सरी (लक्ष्य २५ हजार गोटा)	गणेश चौधरी जिम्मा नर्सरी (लक्ष्य ६० हजार गोटा)		
१	मसला सेतो	३६८५०	३८०५०	१२०००	५२५००	१३९४००	
२	सिमल	१४२५	६२२०	३०००	२४००	१३०४५	
३	सिसौ	९४००	३८७५	१००००	३८७५	२७१५०	
४	खयर	९५०	१८५०	०	१०२५	३८२५	
५	ईपिल ईपिल	१००	०	०	४००	५००	
६	बकाइनो	५७५	३१२५	०	१७००	५४००	
७	कपोक	०	०	०	५००	५००	
८	खमारी	०	०	०	१२५	१२५	
९	अमला	५००	७००	०	०	१२००	
१०	कल्की फुल	२००	०	०	०	२००	
११	टिक	०	३००	०	०	३००	
१२	बास	०	२५	०	०	२५	
	जम्मा उत्पादन	५००००	५४१४५	२५०००	६२५२५	१९१६७०	

निजी नर्सरीबाट उत्पादित बिरुवा संख्या

सि.नं.	जात	परिमाण		कुल जम्मा	कैफियत
		खरेन्द्रपुर निजी वन नर्सरी (लक्ष्य ९ हजार गोटा)	ठकुरापुर निजी वन नर्सरी (लक्ष्य ९ हजार गोटा)		
१	मसला (सेतो)	७५००	७५००	१५०००	
२	सिमल	८००	०	८००	
३	सिसौ	७००	१५५०	२२५०	
४	खयर	८०	०	८०	
५	ईपिल ईपिल	६०		६०	
	जम्मा	९१४०	९०५०	१८१९०	

साझेदारी वन व्यवस्थापन समुहद्धारा उत्पादित बिरुवा संख्या

सि.नं.	जात	परिमाण			कुल जम्मा
		गौतमबुद्ध	शिवराज	कपिलवस्तु	
१	टिक	१ लाख	७५ हजार	१ लाख	दुईलाख ७५ हजार मात्र
२	मसला (सेतो)				
३	सिमल				
४	सिसौ				
५	खयर				
६	ईपिल ईपिल				
	जम्मा	१०००००	०	१०००००	

(च) राजस्व आम्दानी संबन्धि विवरण:

सि.नं.	विवरण/स्रोत	समुदायिक वन १५%	साझेदारी वन ४०%	चक्ला वन	सरकारद्वारा व्य. वन	निजी वन	जम्मा
१	काठदाउरा बिक्री	५९६२५९.७३	४२६६०	०	६४४८२९६	०	७०८७२१५.७
२	जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार बिक्री	०	०	०	१०५६०	०	१०५६०
३	खोटो बिक्रीबाट	०	०	०	०	०	०
४	बहुबाँस बिक्रीबाट	०	०	०	०	०	०
५	टण्डर बिक्री	०	०	०	१२४०००	०	१२४०००
६	अन्य (दण्ड जरिमाना, विविध)	०	०	०	८४५००	०	८४५००
७	मु.अ.कर	८९७२२८.७६	३१५०५६	०	११००३२९.६५	५२२६१६३	७५३८७६९.४
	जम्मा:	१४९३४८८.५	३५७७१६	०	७७६७६७७.६५	५२२६१६३	१४८४५०४५

(छ) वन पैदावार उत्पादन तथा बिक्रिवितरण संबन्धि विवरण:

सि. नं.	वन पैदावारको नाम	कुल उत्पादन						विक्रि वितरण					
		समुदायिक वन - वैज्ञानिक व्यवस्थापन	समुदायिक वन - अन्य व्यवस्थापन	साझेदारी वन	चक्ला वन	सरकारद्वारा व्य. वन	निजी वन	समुदायिक वन - आन्तरिक	समुदायिक वन - वाह्य	साझेदारी वन - आन्तरिक	साझेदारी वन - वाह्य	चक्ला वन	सरकारद्वारा व्य. वन
१	काठ (क्यु.फि.)	6446.8	6304.6	53998.7	0	2394.51	254710	4711.21	5560.7	27027.3	1663.4	0	2394.51
२	दाउरा (चट्टा)	10.25	5.95	159	0	0	207.95	8.2	8	79.5	10	0	0
३	खोटो (के.जी.)	0	0	0	0	0	0	0	0	0	0	0	0
४	गैह्रकाष्ठ वन पैदावार (के.जी.)	0	0	0	0	14080	0	0	0	0	0	0	14080
	जम्मा:	6457.05	6310.55	54157.7	0		254917.95	4719.41	5568.7	27106.84	1673.48	0	

CamScanner

(घ) वनक्षेत्रबाट सृजना भएको रोजगारी सबन्धि विवरण (श्रमदिन र मासिक ज्यालादारी):

सि.नं.	क्रियाकलाप	रोजगारी विवरण						कैफियत (Forest Norms 2070)
		सामुदायिक वन	कबुलियती वन	साझेदारी वन	चक्ला वन	सरकारबहादर व्य. वन	निजी वन	
१	बिरुवा उत्पादन	०	०	७०९५	०	४७७३		प्रति १०००० बिरुवा उत्पादन गर्दा २५८ श्रमदिन खाने
२	वृक्षारोपण (तारबार सहित)	२२६८	०	१९५६	०	७३४	24139 तारबार बाहेक	प्रति हे १०१ जना र प्रति १०० मि काटतारबार ६६ जना
३	काठ दाउरा सकलन							
४	समुदायमा आधारित वनपाय वन व्यवस्थापनमा राखिएका कर्मचारीहरु							
४.१	कार्यालय सचिव	३२	०	३	०	०	०	मासिक तलबमान दिइ वार्षिक रुपमा रोजगारी पाइरहेका
४.२	वन हेरालुहरु	६२	०	२४	०	०	०	
४.३	अग्नी नियन्त्रण हेरालुहरु	०	०	०	०	०	०	
४.४	नाकारी चालक	०	०	२	०	२	०	
४.५	वन प्राविधिक (सरकारी बाहेक)	०	०	१	०	०	०	
४.६	शिक्षक (समूहलाइसा सहलोग गरुड राखाका)	२२	०	०	०	०	०	
४.७	अन्य कर्मचारी	८	०	१८	०	०	०	
५	खोटी सकलन	०	०	०	०	०	०	
६	अन्य गैरकाष्ठ वनपैदावार सकलन							
७	वन संवर्दन तथा व्यवस्थापनका कृयाकलाप गर्दा सृजना भाएको रोजगारी (श्रमदिन)							
७.१	थिनिङ	१२०	०	०	०	०	०	
७.२	पुनरुत्पादन अभिवृद्धी कार्यक्रम	६५	०	७२०	०	०	०	
७.३	अग्निरेखा/पहुँच सडक निर्माण	५०	०	१०२०	०	०	०	
७.४	अग्निरेखा/पहुँच सडक मर्मत संभार	६०	०	५५०	०	०	०	
७.५	निमसार क्षेत्र संरक्षण/पोखरी निर्माण, व्यवस्थापन	५७६	०	१९०	०	०	०	
८.०	अन्य (खहरे तथा पानी निकास व्यवस्थापन, पाटगढी निर्माण, बाच टावर निर्माण, वन उद्यम आदि)	०	०	०	०	०	०	
	जम्मा श्रमदिन	३१३९	०	११५३१	०	५५०७	२४१३९	

	मासिक ज्यालादारीमा	१२४	०	४८	०	०	०	मासिक ज्यालादारीबाट ३६५ वे गुणा गरी श्रमदिनमा उल्लेख गरिएको।
	कुल जम्मा श्रमदिन	४८३९९	०	२९०५१	०	५५०७	२४१३९	
	सबै क्षेबबाट कुल रोजगारी श्रृजना	१०७०९६ श्रमदिन						